# <u>स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९</u>

<u>निर्वाचन आयोगबाट स्वीकृत मिति</u>

<u>२०७९।०१।२५</u>

स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस मापदण्डको नाम "स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ (यसपछि "मूल मापदण्ड" भनिएको) को दफा १ मा संशोधनः</u>** स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ को दफा १ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधिले मतदानको दिन सवारी साधन चलाउनका लागि अनुसूची - १ बमोजिमको ढाँचामा सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।यसरी निवेदन परेमा मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले उम्मेदवारका लागि अनुसूची -४ बमोजिमको सवारी अनुमति प्रदान गर्नु पर्नेछ ।"

३. **<u>मूल मापदण्डको दफा ३ मा संशोधनः</u>** मूल मापदण्डको दफा ३ मा देहायको उपदफा (३) थप गरिएको छः-

"(३) उपदफा (१) र (२) को अतिरिक्त आवश्यकता र औचित्य हेरी प्रमुख जिल्ला अधिकारीले अनुमतिपत्र जारी गर्न सक्नेछ।"

४. **<u>मूल मापदण्डको दफा ८ मा संशोधनः</u>** मूल मापदण्डको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८. निर्वाचन सम्बन्धी कुनै कार्यमा प्रयोग नहुने गरी एम्बुलेन्स, खानेपानीको टयांकर, दुध बोक्ने सवारी साधन, दमकल, दूरसंचार तथा केवल सेवा, शव वाहन, अस्पतालका स्वास्थ्यकर्मीको आवागमनका लागि प्रयोग हुने साधन, अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सकले प्रयोग गर्ने सवारी साधन, फोहोरमैला ओसार पसार गर्ने सवारी साधन, तरकारी फलफूल तथा विद्युत सेवा जस्ता अत्यावश्यक सेवा र नम्बर प्लेटमा सिडी उल्लेख भएको कूटनीतिक नियोगका सवारी साधनको हकमा सवारी अनुमतिपत्र लिनु पर्ने छैन |"

५. **मूल मापदण्डको अनुसूची १ मा संशोधनः** मूल मापदण्डको अनुसूची -१ को सट्टा देहायको अनुसूची १ राखिएको छः-

**अनुसूची-१**

**(दफा-१ सँग सम्बन्धित)**

**उम्मेदवारले मतदानको दिन प्रयोग गर्ने सवारी साधन अनुमतिपत्रको लागि दिने निवेदनको ढाँचा**

श्री मुख्य निर्वाचन अधिकृतज्यू/निर्वाचन अधिकृतज्यू,

.......................

विषयः **मतदानको दिन सवारी साधनको प्रयोग गर्न अनुमति पाउँ ।**

स्थानीय तह निर्वाचन २०७९ मा म ............................ गाउँपालिका/नगरपालिकाको .................... पदमा ........................... राजनीतिक दलको उम्मेदवार/स्वतन्त्र उम्मेदवार भएकोले मतदानको दिन देहाय बमोजिमको सवारी साधन प्रयोग गर्ने अनुमतिपत्रको लागि यो निवेदन पेश गरेको छु ।

**सवारी साधनको विवरण**

| सवारी साधनको किसिम | सवारी साधनको रङ्ग | सवारी साधनको नम्बर | सवारी धनीको नाम | सवारी चालकको नाम | सवारी चालकको सवारी चालक अनुमति पत्र नं |
|---|---|---|---|---|---|
| | | | | | |

सवारी साधन प्रयोग गर्ने उम्मेदवारको नामः ..................

निवेदन दिने उम्मेदवार/निर्वाचन प्रतिनिधिको नामः ...............................

सवारी साधन प्रयोग गर्ने स्थानः .....................

दस्तखतः मितिः .........................

६. <u>मूल मापदण्डको अनुसूची २ मा संशोधनः</u>

(१) मूल मापदण्डको अनुसूची -२ को क्रमसङ्ख्या १ को सट्टा देहायको क्रमसङ्ख्या १ राखिएको छः-

| क्र. सं. | सवारी साधन प्रयोगकर्ता | सिफारिस गर्ने निकाय | सङ्ख्या | अनुमति दिने निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १. | उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधि | | १. महानगरपालिका, उपमहानगरपालिका तथा नगरपालिकाका प्रमुख वा उपप्रमुख र गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षका लागि दुई पांग्रे वा तीन पांग्रे वा चार पांग्रे विधुतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा मात्र।<br>२. महानगरपालिका तथा उपमहानगरपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी दुई पांग्रे वा तीन पांग्रे वा चार पांग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन एउटा मात्र।<br>३. नगरपालिका तथा गाउँपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यका लागि उम्मेदवार भएको वडाभित्र मात्र प्रयोग गर्ने गरी दुई पांग्रे सवारी साधन एउटा मात्र। | सम्बन्धित मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृत | यस प्रयोजन को लागि यस अघि प्रमुख जिल्ला अधिकारी बाट सवारी अनुमति लिई सकेको हकमा सो अनुमति पत्रलाई मान्यता दिने। |

(२) मूल मापदण्डको अनुसूची -२ को क्रमसङ्ख्या ११ मा सिफारिस गर्ने निकायको महलमा देहाय बमोजिम राख्नेः-

"सूचना तथा प्रशारण विभाग/प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय/प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण"

मूल मापदण्डको अनुसूची -२ को क्रमसङ्ख्या ११ को कैफियत महलमा देहाय बमोजिम राख्नेः-

"आधिकारीक निकायबाट जारी भएका प्रेस पास भएका संचारकर्मीहरूको हकमा सो प्रेस पासका आधारमा र प्रेस पास नभएका संचारकर्मीहरूको हकमा सूचना तथा प्रशारण विभाग/प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय/प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरणको सिफारिसका आधारमा सवारी अनुमतिपत्र जारी गर्ने।"

(३) मूल मापदण्डको अनुसूची -२ को क्रमसङ्ख्या १२ मा सिफारिस गर्ने निकायको महलमा देहाय बमोजिम राखेः-

"सूचना तथा प्रशारण विभागले तोकेको आधिकारिक निकाय/प्रदेश सञ्चार रजिष्ट्रारको कार्यालय/प्रदेश सरकार मातहतको सञ्चार प्राधिकरण"

७. **मूल मापदण्डको दफा ५ मा संशोधनः** - मूल मापदण्डको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः-

"**५. अशक्तता भएका व्यक्तिको लागि विशेष व्यवस्थाः** आफैं हिँडडुल गर्न नसक्ने अशक्त व्यक्तिको लागि बासस्थानदेखि मतदान केन्द्रसम्म र मतदान केन्द्रदेखि बासस्थानसम्म आवतजावत गर्न मुख्य निर्वाचन अधिकृत वा निर्वाचन अधिकृतले अनुसूची ४ बमोजिमको अनुमति दिएको सवारी साधन प्रयोग गर्न सकिने छ। त्यस्तो सवारी साधनमा अशक्त व्यक्ति र सहयोगका लागि निजको साथमा एकाघरको एक जना व्यक्ति मात्र रहन सक्नेछ।"

# निर्वाचन आयोग, नेपाल

आयोगको बैठक संख्या २३/२०७९ मिति २०७८/०१/२५ मा बसेको बैठकमा प्रस्तुत प्रस्ताव नं. १३९ पेश हुँदा देहाय बमोजिम निर्णय भयो।

## आयोगको निर्णय

संलग्न "*स्थानीय तह सदस्य निर्वाचन, २०७९ को मतदानको दिनको सवारी आवागमन व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) मापदण्ड, २०७९*" स्वीकृत गर्ने।

(सगुन सम्शेर ज.ब.रा) (डा. जानकी कुमारी तुलाधर) (राम प्रसाद भण्डारी) (इश्वरी प्रसाद पौड्याल) (दिनेश कुमार थपलिया)